## क्लस्टर बम भनेको के हो ?

क्लस्टर बम त्यस्ता हतियार हुन् जुन जमिन र आकास दुवै स्थानबाट प्रयोग गर्न सकिन्छ र जसले सयौं वा हजारौं स-साना हतियारहरु फाल्छन् । आकाशबाट प्रहार गरिने क्लस्टर बमलाई सामान्यतया बम (बमलेट) भनिन्छ । क्लस्टर बम त्यस्ता हतियार हुन् जसमा एउटा बट्टा राखिएको हुन्छ र सो हावाको माध्यमले खुल्छ र त्यसले दर्जनौं र कहिलेकाही त सयौं स-साना विस्फोटक पदार्थहरु फाल्दछ । यस्ता हतियारका धेरै प्रकार हुन्छन् । तर तिनीहरु सवैमा हुने सामूहिक गुण चाहि हावामा हुने व्यापक प्रभाव हो । यसले ससाना बमहरु अविभेदपूर्ण रुपमा बृहत् क्षेत्रमा फैलाउँछन् र ठूलो संख्यामा यस्ता पदार्थहरु जमिनमा छोडेका हुन्छन् । यसले सारमा व्यक्ति लक्षित बारुदी सुरुङले जस्तै काम गर्दछ ।। यस्ता हतियारहरु जहाँसुकै र जहिले सुकै प्रयोग भए तापनि तिनीहरुले सर्वसाधारण नागरिकलाई ठूलो क्षति पुऱ्याउदछन् । चाहे त्यो आक्रमणको बेला हवाइजहाजबाट प्रहार गर्दा वा तोपबाट वा रकेटबाट प्रहार गर्दा होस् वा द्वन्द समाप्त भैसकेको अवस्थामा होस् तिनीहरुले हानिकारक पदार्थ छाड्ने हुँदा नागरिकलाई क्षति पुऱ्याएकै हुन्छ ।


Source: www.stopclusterbombs.org

## यो हतियार किन समस्यामूलक छ ?

चाहे आकाशबाट वा जमिनबाट प्रहार गरिएको होस् यस्ता हतियारले नागरिकलाई मुख्य दुई किसिमको मानवीय समस्या र जोखिम उत्पन्न गराउँदछ । पहिलो, तिनीहरु व्यापक क्षेत्रमा फैलने हुनाले लक्षित सैनिक र नागरिक छुट्टयाउन सक्दैनन् । त्यस्ता हतियार मानव बस्ती वा बस्ती वरिपरि प्रयोग गरेमा मानवीय प्रभाव ज्यादा हुन्छ । धेरै स-साना बमहरु त्यसरी प्रहार गर्दा नपड्किकन बस्ने हुनाले तिनीहरु यथार्थमा व्यक्ति लक्षित बारुदी सुरुङ बन्दछन् र युद्ध समाप्त भएको कैयौं पछि सम्म नागरिकलाई घाइते बनाउने र मार्ने गर्दछन् । यस्ता पदार्थहरु व्यक्ति लक्षित बारुदी सुरुङ भन्दा पनि बढी घातक हुन्छन् । यस्ता हतियारहरुबाट हुने घटनाहरुमा घाइते हुने भन्दा मृत्यु हुने सम्भावना प्रवल हुन्छ ।

## क्लस्टर बम क-कसले प्रयोग गरेका छन् ?

कम्तिमा १४ राष्ट्रहरुले क्लस्टर बम प्रयोग गरेका छन्ः एरिट्रीया, इथियोपिया, फ्रान्स, इजराईल, मोरोक्को, द नेडरल्याण्डस्, नाइजेरीया, रसिया (रुस), साउदी अरबिया, सुडान, ताजिकिस्तान, बेलायत, अमेरिका, र युगोस्लाभिया । केही गैर राज्य पक्षहरुले हतियार प्रयोग गरेका थिए (जस्तै सन् २००६ मा लेबाननको हेजबोल्लामा) । करिब ७६ वटा देशहरुमा करौडौ सबम्यूनिसनहरु भण्डारन गरिएका छन् । जम्मा ३४ वटा राज्यहरुले २१० बिभिन्न किसिका क्लस्टर बमहरु उत्पादन गरेका छन् । क्लस्टर बमको प्रयोगबाट दुई दर्जन भन्दा बढी देशहरु प्रभावित भएका छन् जसमा अफगानिस्तान, अल्बानिया, अंगोला, अजरबाइजन, बास्निया र हर्जगोविना, कम्बोडिया, चाड, क्रोयसिया, डि.आर.कङगो, इरित्रिया, इथियोपीया, ग्रीनडा, इराक, इजरायल, कुवेट, लावस, लेबानोन, मोनटेनेग्रो, साउदी अरबिया, सरबिया, सीरा लेवनी, सुदान, साइरीया, ताजिकस्तान, युगाण्डा, र भेटनाम रहेका छन् साथै चेचनिया, फाल्कल्याण्ड/मालभिनाज, नागोर्नो-काराबख, र पश्चिमी साहारा पनि रहेका छन् ।

## क्लस्टर बममा प्रतिबन्ध लगाउन किन आवश्यक छ ?

सामान्य रुपमा भन्ने हो भने क्लस्टर बमले नागरिकहरुलाई ठूलो संख्यामा घाइते तुल्याउने र मार्ने गर्दछन् । यस्ता हतियारले इराकमा सन् २००३ मा र कोसभोमा सन् १९९९ मा नागरिकहरुलाई अन्य

हतियारले भन्दा बढी हताहत् पाऱ्यो । व्यक्ति लक्षित बारुदी सुरुङलाई सन् १९९७ मा प्रतिबन्ध गरेपछि क्लस्टर बम नै त्यस्ता हतियारको रुपमा देखा परेको छन् । जसले नागरिकहरु प्रति सर्वैभन्दा गम्भीर खतरा पैदा गरेको छ । यति हुदाँ हुदै पनि यस्ता क्लस्टर बमले पैदा गर्ने समस्याहरु समाधान गर्न अहिलेसम्म कुनै पनि अन्तरराष्ट्रिय कानुनहरु बनेका छैनन् । इजरेलले लेवनानमा सन् २००६ को अगष्टमा यस्ता हतियारको अत्याधिक प्रयोग गऱ्यो । जसको फलस्वरुप युद्धविराम पछिका वर्षमा २०० भन्दा बढी नागरिकहरु हताहत भए । यो घटनाले उत्प्रेरकको काम गऱ्यो र हाल सरकारहरु सन् २००८ को डिसेम्बरमा क्लस्टर बमको समस्या समाधान गर्न कानुनी रुपमै बाध्यकारी अन्तरराष्ट्रिय संयन्त्रको विकास गर्न सफल भए ।

## क्लस्टर बम र बारुदी सुरुङ बीच के के समानताहरु छन् ?

बारुदी सुरुङमाथि प्रतिबन्ध लगाउने अन्तरराष्ट्रिय अभियान (आई.सी.वी.एल.) ले सन् २००६ को डिसेम्बरमा आफ्नो कार्यक्षेत्र फैलाउने र क्लस्टर बम प्रतिबन्धको लागि कार्य गर्ने निर्णय गऱ्यो । यद्यपि यो आफ्ना क्रियाकलापलाई मुख्य रुपमा व्यक्ति लक्षित बारुदी सुरुङमा केन्द्रित गर्दैछ र यो महत्वपूर्ण पनि छ । पहिलो पटक आई.सी.वी.एल.ले व्यक्ति लक्षित बारुदी सुरुङ बाहेक अन्यमा पनि अभियान संचालन गर्न सहमत भएको छ र यसो गर्नुका पछाडि धेरै कारणहरु छन् । पहिलो कुरा क्लस्टर बम प्रयोग गर्दा ठूलो संख्यामा स-साना हतियारहरु विस्फोट नभईकन जमिनमा रहिरहने हुन्छन् । तिनीहरुले व्यक्ति लक्षित बारुदी सुरुङले जस्तै कार्य गर्दछन् । यदि कसैले तिनीहरुलाई टिप्यो भने, त्यसमाथि टेक्यो भने वा त्यसलाई हिर्कायो भने ती विस्फोट हुन्छन् । तिनीहरु स्पर्शबाट पड्किने अविस्फोटित पदार्थ हुन् । त्यसैले धेरै प्रकारले क्लस्टर बमले व्यक्ति लक्षित बारुदी सुरुङले जस्तै जोखिम उत्पन्न गर्दछन् । तिनीहरुको प्रभाव अविभेदकारी हुन्छ । यसले बालक र सिपाही छुट्टयाउन सक्दैन । यसले यस्तै हतियारबाट घाइते भएकाहरुको दीर्घकालीन सहायतामा र ती हतियारहरु हटाउने प्रक्रियामा ठूलो समस्या खडा गरिदिन्छ ।

## ओस्लो प्रक्रिया के हो ?

सन् २००७ को फेब्रुअरी ४६ देशका सरकारको बैठक नर्वेको ओस्लोका भएको थियो । सो बैठकमा नर्वेका विदेशमंत्री ***जोनास गर स्टोर***ले सन् २००८ भित्रमा क्लस्टर बमको प्रयोग, उत्पादन, ओसारपसार तथा भण्डारणमा प्रतिबन्ध लगाउन एक कानुनी रुपमा बाध्यकारी संयन्त्रमा सहमति जनाउन आह्वान गर्नु भएको थियो । सो बैठकले यस्ता हतियारले स्वीकार गर्न नसकिने मानवीय क्षति गर्दछ भन्दै घाइतेलाई सहयोग गर्न र त्यस्ता हतियार भएका क्षेत्रबाट उक्त हतियार हटाउन यथेष्ट श्रोत आवश्यक छ भन्ने निर्णय गऱ्यो । त्यसपछिका अन्तरराष्ट्रिय ओस्लो प्रक्रिया बैठकहरु पेरु (मे २००७), अष्ट्रिया ( डिसेम्बर २००७) र न्यूजिल्याण्ड (फेबुअरी २००८) मा भएका थिए । मे २००८ को मे महिनामा डब्लिनमा भएको बैठकमा क्लस्टर बमलाई प्रतिबन्ध गर्ने र प्रभावित समुदायलाई सहयोग गर्ने सन्धि तय गऱ्यो र त्यसको स्वीकृतिमा १२० वटा देशहरुले हस्ताक्षर तथा सदनबाट अनुमोदन गरे । यसै महिनामा बेनिनले अनुमोदन गरेकोछ ।

## १२० वटा राष्ट्रहरु क्लस्टर बम प्रतिबन्ध गर्ने सन्धीमा हस्ताक्षर गरिसकेकाछन्

अफगानिस्तान, अल्बानीया, अंगोला, अष्ट्रेलिया, अष्ट्रीया, बेल्जियम, बेनिन्, बोलिभिया, बोस्निया र हर्जेगोभिना, बोस्टवाना, बुल्गारीया, बुर्किना फासो, बुरुन्दि, क्यानाडा, केप भर्डी, सेन्ट्रल अफ्रिकन रिपब्लिक, क्यामरुण, चाड, चीली, कोलम्बिया, कोमोरोस, डिआर कङगो, रिपर्बिलिक अफ कङगो, कुक आइसल्याण्ड, कोस्टा रिका, कोट डि भाइरी, क्रोसिया, साईप्रस, चेक रिपब्लिक, डेनमार्क, गणतान्त्रिक डोमीनिक्यान, इक्वाडोर, इल साल्भाडोर, फिजी, फ्रान्स, गाम्बिया, जर्मनी, घना, ग्वाटेमाला, गुइनिया, गुइनिया-बिसाउ, हाईती, होली सी, होन्डुरास, हन्गेरी, आइसल्याण्ड, इण्डोनेसिया, ईराक, आयरल्याण्ड,

इटाली, जमाइका, जापान, केन्या, लावस, लेबानन, लेसोथो, लिबेरीया, लिकेन्सिन, लिथुआनिया, लुजम्बर्ग, म्यासेडोनिया, माडागाक्सर, मालावी, माली, माल्टा, माउरीटानिया, मेक्सिको, गणतान्त्रिक मोल्डोभा, मोनटेनेग्रो, मोरोक्को, मोजाम्बिक, नामिबिया, नाउरु, नेडरल्याण्डस्, न्यू जील्याण्ड, निकारागुवा, नाइजर, नाइजेरिया, नर्वे, पलाउ, पानामा, पारागुनिया, पेरु, फिलिपिन्स, पोर्चुगल, रवाण्डा, सामोआ, सान मारिनो, सावो टोमे प्रिन्सिप, सेन्ट भिन्सिन्ट र ग्रिनाडिनस, सेनेगल, सेसेल्स, सिएरा लिआन, स्लोभेनिया, सोमालिया, दक्षिण अफ्रिका, स्पेन, स्वीडिएन, स्वीजरल्याण्ड, तान्जानिया, टोगो, टुनिसिया, यूगान्डा, युनाइटेड किंगडम, उरुग्वे, जाम्बिया आदि ।

**डब्लिनदेखि ओस्लो : सन्धिको तयदेखि हस्ताक्षर र अनुमोदनसम्म**

क्लस्टर बम सम्बन्धि महासन्धि (सी.सी.एम.) ले संसारका प्रत्येक देशलाई उक्त सन्धिमा हस्ताक्षर गर्न आव्हान गरेकोछ । उक्त आव्हान बमोजिम २००८ को डिसेम्वर २-३ मा नोर्बेको राजधानी ओस्लोमा भएको क्लस्टर बम महासन्धि हस्ताक्षर समारोहमा ९४ राष्ट्रहरुले सहि गरेकाछन् र न्यूयोर्कमा थप एक वटा राष्ट्रले सहि गरेकोछ । यो सन्धी संयुक्त राष्ट्रसंघको प्रस्ताब बन्नको लागि सन्धीमा हस्ताक्षर गरेका ३० वटा राष्ट्रहरुले संसदबाट अनुमोदन गर्नु आवश्यकछ । ४ मे २०१० सम्ममा यस महासन्धिलाई ३२ वटा राष्ट्रहरुले अनुमोदन गरिसकेको हुनाले यही १ अगष्ट २०१० मा यो सन्धि संयुक्त राष्ट्रसंघको प्रस्ताब बन्ने छ । नोभेम्बर २०१० मा यस महासन्धिको राज्य पक्षहरुको पहिलो बैठक लावसमा सम्पन्न भयो ।

सी.एम.सी.का अभियानकर्ताको हैसियतले नेपाल सरकारलाई पनि क्लस्टर बम सम्बन्धी सन्धिमा हस्ताक्षर गर्न र अनुमोदन गर्न आग्रह गर्दछौं । यस कार्य योजनामा उल्लिखित लक्ष्यहरु पूरा गर्नको लागि हामी संचार माध्यम, गैरसरकारी संस्थाहरु, सांसदहरु, सरकारी अधिकारीहरु र जनसमुदायलाई सूचित गर्ने र उनीहरुसंग सहकार्य गर्ने छौं । हाम्रा देशका सरकारलाई उक्त सन्धि सीघ्र लागु गर्नको लागि त्यसका वक्तव्यहरु, निर्णयहरु र अन्य कार्यक्रमद्धारा प्रवर्धन गर्न प्रोत्साहन गर्दछौं ।

यो सन्धि कार्यान्वयन नभएसम्म अन्तरराष्ट्रिय कानून (भियना अभिसन्धिको धारा १०) अनुसार हस्ताक्षर गर्ने सबै राज्यले सी.एम.सी.को उद्धेश्यबाट बन्धित भएको मान्नु पर्दछ भन्ने कुरामा क्लस्टर बम बिरुद्धको अन्तराष्ट्रिय अभियानले जोड दिंदै आएकोछ ।

**क्लस्टर बम बिरुद्धको अभियान के हो ?**

यो हतियार व्यक्ति लक्षित बारुदी सुरुङ जस्तो व्यापक रुपमा प्रयोग भएको छैन । यो करिब २ दर्जन देशहरुमा प्रयोग भएको छ । जुनसुकै रुपमा प्रयोग भएतापनि यसले अन्तरराष्ट्रिय मानवीय कानूनको उलङ्घन गरेको छ र ठूलो संख्यामा सर्वसाधारणहरु यसबाट घाइते भएका छन् र मरेका छन् । यसैले गर्दा ती गैरसरकारी संस्थाहरु सन् २००३ मा एकजुट भएका छन् । युगोस्लाभिया र कोसभोमा सन् १९९९ र इराक आक्रमणमा सन् २००३ मा यसको व्यापक प्रयोग भएपछि गैरसरकारी संस्थाहरु एकजुट भई क्लस्टर बम विरोधी गठबन्धन तयार पारेका छन् । यो गठबन्धन यस्ता अविभेदकारी खतरानक हतियारबाट मुक्ति पाउन समर्पित छ । यस गठबन्धनलाई दरो बनाउनुको साथै यसका सदस्यहरु सन्धि तयार पार्न सक्रिय बने, जुन सन्धिले खतरनाक क्लस्टर बम माथि प्रतिबन्ध लगाउँदछ । क्लस्टर बम बिरुद्धको अन्तराष्ट्रिय गठवन्धनको अगुवाइमा संसारभर अभियान संचालन भइरहेकोछ । यो अभियान उक्त हतियारबाट प्रभावितहरुलाई सहयोग गर्ने मात्र नभई यसले भविष्यमा हुने प्रकोप जुन बारुदी सुरुङको प्रकोपभन्दा पनि खराब हुन्छ त्यसबाट बचाउनको लागि पनि हो ।

**नेपालमा क्लस्टर म्युनिशन प्रतिवन्ध अभियान**

क्लस्टर म्युनिसनलाई प्रतिवन्ध गर्नको लागि नेपाल क्याम्पेन सन्न २००३ देखि सामेल भएतापनि यसले सन् २००७ देखि मात्र औपचारिक कार्यक्रमहरुको आयोजना गऱ्यो ।

- यसले दक्षिणी लेवनानमा बम वर्षाको शोकाकुल दिनको सम्झनामा दीप प्रज्वलन कार्यक्रमको आयोजना गऱ्यो ।
- यसले नेपाल सरकारका प्रतिनिधि, नर्बेका महामहिम, अन्तराष्ट्रिय रेडक्रस, सांसदहरु, राजनीतिक नेताहरु, मानवअधिकारवादी संघसंस्थाहरुको बिचमा एक राष्ट्रिय गोष्ठीको आयोजना गरेकोछ ।



दीप प्रज्वलन कार्यक्रम

- यसले बिश्व गतिबिधि दिनको अवसरमा बिभिन्न धार्मिक नेताहरु तथा समुदायविच हस्ताक्षर संकलन गरेकोछ ।
- समयानुकुल प्रेस वक्तहरु प्रसारण गर्ने र क्लस्टर बम प्रयोग गर्ने मुलुकहरुलाई प्रयोग नगर्न आव्हान गर्दै पत्राचारहरु गरेकोछ ।
- यसले नेपालका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललाई ५०३२१ हस्ताक्षरहरु बुझाउँदै सन्धीमा सहि तथा अनुमोदनका लागि पहल गर्न अनुरोध गरेकोछ ।



राष्ट्रिय गोष्ठी







हस्ताक्षर संकलन कार्यक्रम तथा प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्ताक्षरहरु बुझाउँदै

- यसले नेपालमा भएका बिभिन्न धार्मिक संघ-संस्थाहरु संग छुट्टा छुटै अन्तरक्रिया कार्याक्रमहरुको आयोजना गरेकोछ ।

















- बिभिन्न धार्मिक स्थलहरुमा पूजापाठ तथा दिप प्रजोलन कार्यक्रमहरुको आयोजना गरेकोछ ।

 

 

- यसले नेपालमा भएका बिभिन्न धार्मिक संघ-संस्थाहरु बीच गोष्ठीहरुको आयोजना गरेकोछ ।

   

- प्रेस वक्तव्य तथा बिभिन्न पत्रपत्रिकाहरुमा लेख तथा रचनाहरु छपाई जनचेतनाको कार्य गरेकोछ ।
- बिभिन्न धार्मिक संघ-संस्थाहरुको हस्ताक्षर सहित नेपाल सरकारलाई ज्ञापन पत्र पेश गरेकोछ ।

**नेपाल सरकारको भूमिका के रह्यो ?**

नेपाल सरकारले पनि अस्ट्रियाको राजधानी भियना, न्यूजिलाण्डको राजधानी वेलिंगटनमा भएको ओस्लो प्रक्रियाको बैठकहरुमा भाग लिनुको साथै जाम्बियामा भएको राज्यपक्षहरुको चौथो बैठकमा भाग लिएकोछ । साथै नेपालमा हुने क्लस्टर बम बिरुद्धको अभियानमा साथ दिंदै आएकोछ । एनसीबीएल द्वारा आयोजित राष्ट्रिय गोष्ठिहरुमा प्रतिबद्धता जनाउदैं आएकोछ ।

थप जानकारीको लागि:
बारुदी सुरुंग प्रतिवन्ध अभियान नेपाल
सितापाईला रिंगरोड
फोन ०१ ४२७७४२८
ईमेल: contact.ncbl@gmail.com
Website: nepal.icbl.org